# सम्पादकीय

उमेरका हिसाबले नेपाली मिडिया कलिलो भन्न मिल्दैन । तर मिडिया अध्ययनको कुरा गर्ने हो भने यो अझै शैशव कालमै छ । नेपाली मिडिया सम्बन्धित विभिन्न पक्षबारे फरकफरक कोणबाट अनुसन्धान र विश्लेषण गरिएका खँदिला सामग्रीको अभाव छ । यो अभावलाई महसुस गरेर नै मार्टिन चौतारीले अर्ध प्राज्ञिक जर्नल *मिडिया अध्ययन* सुरु गरेको हो । २०६३ साल (सन् २००६) मा पहिलो अङ्क प्रकाशन भएयता हामीले हरेक वर्ष यसलाई निरन्तरता दिँदैआएका छौँ । यसै क्रममा पाँचौँ अङ्क लिएर तपाईंसमक्ष आउन पाउँदा हामीलाई खुसी लागेको छ । *मिडिया अध्ययन*लाई मिडियाका क्षेत्रमा रुचि राख्ने प्राज्ञिक वर्ग तथा अभ्यासकर्ताहरूको साझा डबली बनाउने हाम्रो अभियानले मूर्त रूप लिँदै छ । पाँचौँ पाइलासम्मको यात्रा क्रममा लेखक तथा पाठकवर्गले लेखन र पठनमा देखाएको उत्साहले यो डबलीको उपयोगिता र सार्थकता रहेको हाम्रो ठम्याइ छ । यसले जर्नलको स्तरलाई अझै उकास्दै अगाडि बढिरहन हामीलाई प्रेरित गरेको छ ।

*मिडिया अध्ययन*लाई सकेसम्म बढी पठनीय र उपयोगी बनाउन हामीले यसमा नेपाली सन्दर्भमा लेखिएका लेख, टिप्पणी, संस्मरण, अन्तर्वार्ता, प्रतिवेदन, पुस्तक समीक्षा, सन्दर्भ सामग्री र अभिलेख जस्ता विविध प्रकृतिका सामग्री प्रकाशन गर्दैआएका छौँ । लेख, टिप्पणी, संस्मरण र पुस्तक समीक्षा हरेक अङ्कमा

समावेश गरिएका छन् भने अन्य खालका सामग्रीहरूले अनियमित रूपमा ठाउँ पाएका छन् । पाँचौं अङ्कसम्म आइपुग्दा सबै खाले गरी कुल १०२ ओटा सामग्री *मिडिया अध्ययन*मा छापिएका छन् । तीमध्ये अनुसन्धानमूलक लेखहरूको सङ्ख्या सबैभन्दा धेरै (३८ ओटा) छ (हेर्नुहोस् तालिका) । नेपाली मिडियामा रुचि राख्ने प्राज्ञ, अभ्यासकर्ता र विद्यार्थीहरूबाट यो जर्नलका लागि आवश्यक सामग्री प्राप्त हुने गरेको छ । व्यक्तिगत सम्पर्क र सार्वजनिक आह्वानमार्फत लेख, रचनाहरू उपलब्ध हुने र विभिन्न चरणका लेखन तथा पुनःलेखनका प्रक्रिया पार गरेपछि ती सामग्री जर्नलमा छाप्ने गरिएको छ ।

**तालिका : *मिडिया अध्ययन*मा हाल (पाँचौं अङ्क) सम्म छापिएका सामग्रीको प्रकार र सङ्ख्या**

| अङ्क →<br>सामग्रीको प्रकार ↓ | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| सम्पादकीय | १ | १ | १ | १ | १ | ५ |
| लेख | ७ | ६ | ८ | ८ | ९ | ३८ |
| टिप्पणी | ७ | ४ | ७ | ४ | ३ | २५ |
| संस्मरण | ३ | ३ | १ | २ | २ | ११ |
| अन्तर्वार्ता | १ | ० | २ | ० | ० | ३ |
| प्रतिवेदन | १ | ० | ० | ० | ० | १ |
| पुस्तक समीक्षा | ३ | ३ | ४ | ३ | ३ | १६ |
| सन्दर्भ सामग्री | ० | १ | ० | ० | १ | २ |
| अभिलेख | ० | ० | ० | १ | ० | १ |
| जम्मा | २३ | १८ | २३ | १९ | १९ | १०२ |

*मिडिया अध्ययन*को यस अङ्कमा मार्टिन चौतारीले २०६६ चैत १२-१३ (२५-२६ मार्च २०१०) मा आयोजना गरेको 'मिडिया अनुसन्धान सम्मेलन २०१०' – जुन नेपालमा गरिएको यस विषयको सम्भवतः पहिलो सम्मेलन थियो – मा प्रस्तुत केही अनुसन्धान पत्र पनि समावेश गरेका छौं । सम्मेलनका लागि अनुसन्धान पत्र प्रस्तावको खुला आह्वान गरिएको थियो । कुल २३ ओटा अनुसन्धान प्रस्ताव प्राप्त भएका थिए जसमध्ये १२ ओटा छनोट गरी उक्त सम्मेलनमा प्रस्तुत गरिएको थियो । यस अङ्कमा 'विशेष सन्दर्भ' शीर्षकअन्तर्गत राखिएका पाँचमध्ये चार ओटा लेख सम्मेलनमा प्रस्तुत गरिएका अनुसन्धान पत्रहरूमध्येबाट छनोट गरिएका हुन् । सोही खण्डको 'राष्ट्रियता, मिडिया र राष्ट्रवाद' शीर्षकको लेख विश्लेषक सीके लालले उक्त सम्मेलनमा दिनुभएको

विशेष मन्तव्य हो । सम्मेलनमा प्रस्तुत अन्य अनुसन्धानपत्रहरू यसै जर्नलको आगामी अङ्कमा वा अन्यत्र प्रकाशन हुने नै छन् ।

यस जर्नलमा प्रकाशन हुने सामग्रीमा अझै विविधता थप्दै यसलाई थप पठनीय र उपयोगी बनाउन लेखक र पाठक वर्गबाट हामीलाई निरन्तर सहयोग मिल्नेछ भन्ने हाम्रो अपेक्षा छ । आगामी अङ्कहरूमा पनि विविध प्रकृतिका लेख रचनाहरू उपलब्ध गराएर सहयोग पुऱ्याउन समस्त मिडिया अनुसन्धाता र अभ्यासकर्तालाई हामी आग्रह गर्दछौँ ।

यस अङ्क प्रकाशनका क्रममा हामीलाई मार्टिन चौतारीभित्र र बाहिरका धेरै व्यक्तिको सहयोग र साथ रह्यो । लेख उपलब्ध गराउने सबैप्रति हामी आभारी छौँ । प्रकाशनको विभिन्न चरणमा सहयोग पुऱ्याउने मार्टिन चौतारीका सहकर्मीहरू हर्षमान महर्जन, अर्जुन पन्थी, रमेश पराजुली, सङ्गीता पाण्डे, कैलाश राई र किशोर प्रधानलाई पनि धन्यवाद ।

**सम्पादकहरू**




## चौतारी पुस्तक शृङ्खला- ५७

जननिर्वाचित संविधानसभा "नयाँ नेपाल"को खाका निर्माणमा दत्तचित्त छ । पत्रपत्रिका, रेडियो, टेलिभिजन, इन्टरनेटदेखि पुस्तक, गोष्ठी, सभा-सम्मेलन, परामर्शमार्फत संविधान निर्माण प्रक्रियामा विभिन्न समूहहरूले हस्तक्षेप गरिरहेका छन्; संविधानको अन्तर्वस्तुबारे बहस-छलफल चलिरहेको छ । यो पुस्तक–*राज्य पुनःसंरचना र संविधानसभा सन्दर्भ ग्रन्थ*–तिनै भिन्न वैचारिक धरातल र दृष्टिकोणबाट लेखिएका संविधानसभा र राज्य पुनःसंरचनासम्बन्धी सामग्रीहरूबारे जानकारी दिने संग्रह हो ।

संकलित सामग्रीको स्रोतका आधारमा यो पुस्तकलाई जम्मा पाँच अध्याय–पुस्तक; सम्पादित पुस्तक तथा जर्नलमा प्रकाशित लेख-रचना; प्रकाशित/अप्रकाशित प्रतिवेदन; कार्यपत्र; र म्यागजिन तथा बुलेटिन–मा बाँडिएको छ । यो ग्रन्थले संविधानसभा र राज्य पुनःसंरचनाबारे नेपालमा उठेका मुद्दा र भैरहेको बहसको छनक त दिन्छ नै, यी मुद्दाहरूको सेरोफेरोमा अध्ययन-अनुसन्धान गर्न चाहनेलाई आधारविन्दु पनि उपलब्ध गराउँछ । नेपालको वर्तमान राजनीतिक संक्रमणबारे चासो राख्ने अध्येता, राजनीतिकर्मी, नीति-निर्माता, बौद्धिक प्राज्ञिक वर्ग र सर्वसाधारणका लागि समेत यो ग्रन्थ उपयोगी हुन सक्नेछ ।